राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक ११४ २०८२ मंसिर ०८ गते सोमवार (24 Nov. 2025) पृष्ठ ४ मूल्य रु. ३।-

### रामजानकी विवाह महोत्सव

# तिलकोत्सव सम्पन्न, आज मटकोर



दैनिक समाचारदाता
जनकपुरधाम, ७ मंसिर। सात दिवसीय रामजानकी विवाहोत्सव अन्तरगत आज (आईतवार) हर्षोल्लास पूर्वक तिलकोत्सव महोत्सव सम्पन्न भएको छ। सोमवार मटकोर कार्यक्रम रहेको छ। तिलकोत्सव कार्यक्रममा मैथिलानी महिलाहरु बरपक्ष अर्थात भगवान रामपक्षलाई गाली गलौज गर्दा सहभागीहरु निक्कै हर्षविभोर भएका थिए। गालीसँगै हस्सी ठहक्का लगायतको प्रसंग रोचक थियो। जनकपुरधाम स्थित राममन्दिरको फुलवारीमा प्रतिवर्ष तिलकोत्सव महोत्सव मनाइन्छ। यस महोत्सवमा सहभागी हुनका लागि नेपाल भारत लगायत अन्य मुलुकबाट पनि पर्यटकहरु आएका छन्। विवाह महोत्सवको अवसरमा राम मन्दिर परिसरमा सम्पन्न 'तिलकोत्सव'मा जानकी मन्दिरका छोटे महन्थ रामरोशन दास लगायतमा महन्थहरु थिए भने भगवान रामको तर्फबाट, राममन्दिरका महन्थ रामगिरी दास लगायत विभिन्न मठ मन्दिरका महन्थहरु सहभागी भएका थिए। दुई समूहमा विभाजित साधु सन्तबीच अवीर, बेसार, दही छ्याछ्याप्ती हुन थाल्यो। वातावरणमा हर्ष उल्लासको निरझरनी प्रवाहित भएको थियो।

सप्ताहव्यापी राम जानकी विवाह महोत्सवको पूर्व सन्ध्यामा आयोजित हुने तिलकोत्सवको अवसरमा हरेक वर्ष यस्तो दृश्य देखिन्छ। अपरान्ह जानकी मन्दिरबाट बाजा गाजा तथा फल फूल, लत्ता कपडा, मिष्ठान्नसहित आएका कन्यागत पक्ष नगर परिक्रमा गरी राममन्दिर पुगेका थिए। बाजा गाजा तथा लावालस्करसहित निस्केको टोलीलाई नगरवासीहरुले फूल अवीर छरेर स्वागत गरेका थिए।

कन्या टोलीलाई स्वागत गर्न महावीर युवा कमिटीले भव्य पण्डाल निर्माण गरेको थियो। तिलकोत्सव समारोहमा अयोध्याबाट आएका जन्तीसंगै स्थानीय प्रहरी प्रशासन तथा गुठी प्रमुख समेत सहभागी भएका थिए। मिथिलाञ्चलको वैवाहिक परम्परालाई जिवीत राख्दै प्रत्येक वर्ष मंसिर शुक्ल पञ्चमीको दिन मनाइदै आएको यस महोत्सवलाई नेपाल(भारत बीचको आदिकालीन सांस्कृतिक सम्बन्धको रुपमा पनि लिईन्छ। सात दिवसीय रामजानकी विवाह महोत्सवको पाँचौ दिन सोमवार मटकोर, छैंटौ दिन मंगलबार राम जानकी विवाह महोत्सव तथा अन्तिम दिन रामकलेवा हुने जानकी मन्दिरका महन्थ रामतपेश्वर दास वैष्णवले जानकारी दिए।

## कारको ठक्करबाट श्रीमतीको मृत्यु, श्रीमान् गम्भीर घाइते



दैनिक समाचारदाता
जनकपुरधाम, ७ मंसिर। धनुषाको मिथिला नगरपालिका(२, हजरा चौकस्थित जनकपुर(ढल्केवर सडकखण्डमा आइतबार बिहान कारले ठक्कर दिँदा एक जनाको मृत्यु भएको छ भने एक जना गम्भीर घाइते भएका छन्।
ठक्करबाट मिथिला नगरपालिका(१, लक्ष्मीनिवासका ६० वर्षीय राजकुमार महतो गम्भीर घाइते भएको छ भने उहाँको श्रीमती ५५ वर्षीया सुमित्रा देवी महतोको घटनास्थलमै मृत्यु भएको इलाका प्रहरी कार्यालय महेन्द्रनगरले जनाएको छ। बागमति प्रदेश ०१(०३१ च २०३६ नम्बरको कारले सडक पार गर्न लागेका साइकलमा सवार दम्पत्तिलाई ठक्कर दिएको प्रारम्भिक अनुसन्धानबाट देखिएको प्रहरीको भनाइ छ। घटनापछि स्थानीयवासी तथा प्रहरी टोलीले घाइते राजकुमार महतोलाई तत्कालै उद्धार गरी उपचारका लागि जनकपुरस्थित प्रादेशिक अस्पतालतर्फ पठाइएको छ। ठक्कर दिने कार र त्यसका चालकलाई नियन्त्रणमा लिएर विस्तृत अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

## प्रधानमन्त्रीसँग लिखित जवाफ माग्ने सर्वोच्चको आदेश

दैनिक समाचारदाता
काठमाडौं, ७ मंसिर। सर्वोच्च अदालतले प्रधानमन्त्री सुशीला कार्कीसँग अदालतको अवहेलनामा किन कारबाही नगर्ने भनी लिखित जवाफ माग्ने आदेश गरेको छ।
राजदूत फिर्ताको निर्णयमा अदालतको आदेश पालना नगरेको भन्दै अधिवक्ता डा. प्रेमराज सिलवालले अवहेलनामा कारवाही हुनुपर्ने भनी सर्वोच्चमा निवेदन पेश गरेका थिए।
त्यही निवेदनको सुनुवाइपछि न्यायाधीशहरू हरि फूयाल र अब्दुल अजिज मुसलमानको इजलासले लिखित जवाफ माग्ने आदेश गरेको हो।

## कांग्रेसले गऱ्यो निर्वाचन आयोगमा दल दर्ता




दैनिक समाचारदाता
जनकपुरधाम, ७ मंसिर। नेपाली कांग्रेसले निर्वाचन आयोगमा दल दर्ता गरेको छ। आइतबार निर्वाचन आयोगको कार्यालयमा गएर दल दर्ता गरिएको मुख्यसचिव कृष्णप्रसाद पौडेलले जानकारी दिए।

'आज हामीले गएर निर्वाचन आयोगमा दल दर्ताको सबै काम सकेका छौं,' पौडेलले भने। राष्ट्रिय सभा र प्रतिनिधिसभा दुवै निर्वाचनका लागि प्रक्रिया पूरा गरिएको उनले बताए।

कांग्रेसले हिजोमात्रै आगामी प्रतिनिधिसभा निर्वाचनमा भाग लिने निर्णय गरेको थियो। राष्ट्रिय सभा निर्वाचन माघ ११ गते हुँदैछ भने प्रतिनिधिसभा निर्वाचन २१ फागुनमा तय भएको छ।



## अब अनलाइनबाट बुकिङ्गको सुविधा




- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी

को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्गको लागि
www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201


नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035
9801674020

## बिजुलीको सुरक्षित प्रयोग गरौं।

- भिजेको वा चिसो हातले बिजुलीको तार तथा उपकरण नचलाऔं,
- बालबालिकाले भेट्ने गरी बिजुलीका तार तथा सकेट नराखौं,
- पुराना तथा नाङ्गो तार तत्काल मर्मत गरौं,
- ओभरलोड हुने गरी बिजुलीको प्रयोग नगरौं,
- आगलागी भएमा तत्काल मुख्य स्विच बन्द गरौं,
- जाडो मौसममा हिटर बाल्दा कोठामा पर्याप्त हावा छिर्ने व्यवस्था मिलाऔं,
- रातीको समयमा हिटर बन्द गरेर मात्र सुतौं।

*सावधानी अपनाऔं, सुरक्षित रहौं।*

नेपाल सरकार
**विज्ञापन बोर्ड**



## सम्पादकीय

# संघीय लोकतान्त्रिक मोर्चाको एकताबद्ध निर्वाचन रणनीति

संघीय लोकतान्त्रिक मोर्चाले आसन्न राष्ट्रिय सभा र प्रतिनिधिसभा निर्वाचनलाई लक्षित गर्दै संयुक्त रणनीतिमा अघि बढ्ने घोषणा गरेपछि मधेशको राजनीतिक परिदृश्य पुनः संवेदनशील मोडमा प्रवेश गरेको छ। निर्वाचन नजिकिँदै जाँदा मधेशवादी दलहरूबीचको एकता वा असहमति दुवैले प्रत्यक्ष चुनावी परिणाममा प्रभाव पार्ने तथ्य स्थापित छ। यस्तो समयमा सात दलले मोर्चाबाटै साझा उम्मेदवार र एकीकृत चुनावी तालमेलका साथ प्रतिस्पर्धा गर्ने निर्णय गर्नु केवल प्राविधिक समन्वय मात्र होइन, मधेशीय राजनीतिक ध्रुवीकरणको नयाँ संकेत हो।

मधेशवादी दलहरूको विगत हेर्दा फुट-फाट, विभाजन, व्यक्तिगत एजेन्डा तथा नेतृत्वकेन्द्रित राजनीति नै प्रमुख चुनौतीका रूपमा देखिएको छ। यी कारणले मधेशका मूल मुद्दा–पहिचान, समानुपातिक प्रतिनिधित्व, संवैधानिक संशोधन, अधिकार प्रत्यायोजन र संरचनागत विभेद विरुद्धको संघर्ष–विगत केही वर्ष कम प्रभावकारी बनेका थिए। विशेषगरी प्रदेश २ ( मधेश प्रदेश) मा मधेशवादी राजनीतिक प्रभाव क्रमशः कमजोर हुँदै गएको विश्लेषणहरू प्रसंगिक बनेका थिए। यसैबीच उत्पन्न भएको संघीय लोकतान्त्रिक मोर्चाको एकताबद्ध निर्णय मधेश राजनीतिमा 'पुनर्संरचना' को संकेतका रूपमा आएको छ।

लोसपा अध्यक्ष महन्थ ठाकुरद्वारा जारी विज्ञप्तिमा मोर्चाभित्रका सबै सात दलले मूल मुद्दामा साझा धारणा बनाउँदै बलियो एकता प्रदर्शन गर्ने उल्लेख छ। यसले मधेशमा विगतमा हराउँदै गरेको 'एकीकृत आवाज' पुनर्जीवन पाउने आशा जगाएको छ। तर एकता केवल घोषणामा सीमित रहँदैन, व्यवहारमै प्रतिबद्धता देखिन आवश्यक छ। मधेशका मतदाताले लामो समयदेखि आफूमाथि भएका राजनीतिक प्रयोगहरूको मूल्य चुकाइरहेका छन्। त्यसैले उनीहरू अब नेतृत्वको भाषण होइन, व्यवहार र परिणामलाई प्राथमिकता दिन चाहन्छन्। यही सन्दर्भमा मोर्चाको एकता मतदाताको विश्वास जित्ने अवसर पनि बन्न सक्छ, र असफल भएमा फेरि अविश्वासलाई जन्माउने जोखिम पनि उत्तिकै छ।

मोर्चाले निर्वाचन निष्पक्ष, स्वच्छ र भयरहित बनाउन सरकारप्रति राखेको माग पनि महत्वपूर्ण छ। मधेशका सीमावर्ती क्षेत्रमा सुरक्षा संवेदनशीलता, मतदाता सूचीका त्रुटि, मतदाता शिक्षा अभाव तथा चुनावी व्यवस्थापनमा हुने अव्यवस्थालाई विगतले प्रशस्त देखाएको छ। मोर्चाले उठाएका यी प्रश्नहरू निर्वाचन प्रक्रियाको विश्वसनीयता सुनिश्चित गर्न सरकारका लागि चुनौतीपूर्ण तर आवश्यक शर्त हुन्। तर प्रश्न उठ्छ–मोर्चा स्वयं आफ्नो संगठनात्मक आन्तरिक व्यवस्थापन, संसाधन परिचालन र तालमेल संयन्त्र कत्तिको प्रणालीगत बनाउन सक्षम हुनेछ?

मधेशवादी दलहरूको मूल एजेन्डा विगतका वर्षहरूमा राष्ट्रिय राजनीति र संघीय संरचनाका विवादमा हराउँदै गएको थियो। संघीय लोकतान्त्रिक मोर्चाको निर्माणले यी मुद्दाहरू पुनः बहसमा ल्याउने सम्भावना बलियो छ। संवैधानिक संशोधन, प्रदेशको अधिकार प्रत्यायोजन, राज्य संरचनामा रहेको ऐतिहासिक भेदभावको अन्त्य, र मधेशी समुदायको समानुपातिक सहभागिताबाट सम्बद्ध मुद्दाहरू फेरि राजनीतिक वृतमा केन्द्रित हुने सम्भावना बढेको छ। तर एकीकृत आवाजले यिनलाई राष्ट्रिय एजेन्डा बनाइदिने कि फेरि दलगत प्रतिस्पर्धामा भंग भएर कमजोर बनाइदिने–यही मोर्चाले निर्धारण गर्नेछ।

अन्ततः, संघीय लोकतान्त्रिक मोर्चाको हालको निर्णय मधेशमा वैकल्पिक राजनीतिक शक्ति निर्माणको सम्भावनालाई पुनर्जीवित बनाउने प्रयासका रूपमा देखिन्छ। यसले मधेश राज्यको दीर्घकालीन राजनीतिक स्थायित्व र पहिचान-समानताको लडाइँलाई नयाँ ऊर्जा दिन सक्छ। तर यसका लागि मोर्चा आन्तरिक मतभेदलाई व्यवस्थापन गर्न, साझा दृष्टिकोणलाई व्यवहारमा उतार्न र चुनावी गठबन्धनलाई दीर्घकालीन राजनीतिक संरचनामा रूपान्तरण गर्न सक्षम हुनुपर्छ।

मधेशका मतदाताले अब एकताको 'वाचा' भन्दा बढी राजनीतिक 'विश्वसनीयता' खोजिरहेका छन्। आगामी निर्वाचनले परीक्षण गर्नेछ–संघीय लोकतान्त्रिक मोर्चाको एकता मधेशको भविष्य निर्माण गर्ने दीर्घकालीन शक्ति हो कि पुनः क्षणिक मौसमी गठबन्धन मात्रै।

# रामजानकी विवाहोत्सव र हराउँदै गएको चमक



कैलास दास

रामजानकी विवाहोत्सव केवल एक धार्मिक पर्व मात्र होइन; यो इतिहास, संस्कृति र अस्मिताको पुनर्जागरण पनि हो। प्रत्येक वर्ष जनकपुरधाममा मनाइने यस पर्वले हजारौँ वर्षअघिको दिव्य विवाहलाई पुनर्जीवित गराउँछ।

रामजानकी विवाहोत्सवमा जन्तीको आगमन, दुलहादुलहीको स्मरण, मण्डपको ऐतिहासिक पुनर्संरचना, यी सबै धार्मिक अनुष्ठान मात्र होइनन, यिनले जनकपुरधामलाई विश्वका प्रमुख धार्मिक गन्तव्यहरूमध्ये अग्रस्थानमा उभ्याउने क्षमता राख्छन्। रामसीताको विवाह कुनै साधारण कथा होइन, यो दक्षिण एशियाको साझा संस्कृति र भावनाको केन्द्र हो। यही कारण नेपाल, भारत, श्रीलंका, थाइल्याण्ड, कम्बोडिया, इन्डोनेशियासम्म यसको सांस्कृतिक प्रभाव देखिन्छ। यति गहिरो सांस्कृतिक कडी बोकेको जनकपुरधाम पर्यटनका दृष्टिले किन आज पनि उपेक्षित छ ? यही प्रश्न राज्य र समाज दुवै सामु उठिरहेको छ।



विवाहोत्सव पहिले एक महिनासम्म मनाइन्थ्यो। त्यो समयमा शहर उत्सवमै डुबेको जस्तो देखिन्थ्यो। रीतिथिति, सांस्कृतिक प्रदर्शन, जन्तीको स्वागत यात्रा सबैले जनकपुरधामलाई आध्यात्मिक उज्यालोले नंघार्थे। तर समयसँगै महोत्सव १५ दिनमा झर्‍यो र आज केवल एक साताकै औपचारिकतामा सीमित भएको छ। भीड त अझै आउँछ, तर त्यही उत्साह, उमंग र उज्यालो पहिलेजस्तो छैन। महोत्सव त छ, तर व्यवस्थापन, संरचना, प्रचारप्रसार र पर्यटनमैत्री वातावरण अझै पनि अधुरै छन्।

जनकपुरधामले विवाहोत्सवका माध्यमबाट विश्वभरका हिन्दू धर्मावलम्बीलाई तान्ने शक्ति राख्छ। भारतको अयोध्यामा राज्यले व्यापक लगानी गरेर राम मन्दिरलाई विश्व धार्मिक गन्तव्य बनाइरहेको छ। त्यहाँ दैनिक हजारौँ दर्शनार्थी भित्रिन्छन्, स्थानीय अर्थतन्त्र फस्टाइरहेको छ। तर जनकपुरधाममा राज्यको ध्यान अझै प्रतीक्षाको रूपमा देखिन्छ। धार्मिक मार्ग अव्यवस्थित छन्, आवास व्यवस्था अन्तर्राष्ट्रिय स्तरमा कमजोर छ, सूचनाको अभाव छ, पर्यटन पूर्वाधार न्यूनतम छन्। परिणामस्वरूप, विवाहोत्सवजस्तो विश्वस्तरीय सांस्कृतिक सम्पदा पनि सीमित दायराभित्रै कैद हुन्छ।ज्ञानभूमि, तपोभूमि र मोक्षभूमिका रूपमा मानिने जनकपुरधाम अध्यात्मिक गहिराइले भरिएको छ। यहाँ ऋषिमुनिहरूले तप गरेर सिद्धि प्राप्त गरेको भनाइहरू प्रचलित छन्। अष्टावक्रले शंकराचार्यजस्ता विद्वानलाई ज्ञानशास्त्रमा पराजित गरेको कथा आज पनि जीवित परम्पराजस्तै छ। 'यहाँ अन्यत्र गरेको पाप कट्छ, तर यहाँ गरेको पाप अन्यत्र कतै कट्दैन' भन्ने उक्ति यस भूमिको नैतिक गाम्भीर्यको प्रतिरूप हो। यस्ता आध्यात्मिक सम्पदाहरू धार्मिक यात्रुका लागि स्वतः आकर्षण हुन्, र यिनले अपार पर्यटन सम्भावना बोकेका छन्।

तर सम्भावना र यथार्थबीचको दूरी अझै लामो छ। राज्यको उदासीनता र समाजको चेतनाको कमीका कारण जनकपुरधामका धार्मिक शक्तिलाई पर्यटनको वास्तविक आधारमा परिणत गर्न सकिएको छैन। यहाँका धार्मिक मार्ग, जन्ती चल्ने परम्परागत बाटो, तपस्थल, साधनास्थल र विदेह राज्यका ऐतिहासिक अवशेष यी सबै चिन्हित, संरक्षित र विश्वस्तरमा प्रस्तुत गर्न सकिने खजाना हुन्। तर अहिले पनि जनकपुरधामको विकास धार्मिक गहिराइमै सीमित छ, पर्यटनका आधुनिक आवश्यकता भने ओझेलमै छन्। पर्यटन केवल दर्शनको यात्रा होइन; त्यो अनुभव, व्यवस्था र अर्थतन्त्रको संयोजन हो। अयोध्याको उदाहरण स्पष्ट छ, त्यहाँ राज्यले अर्बौं लगानी गर्दै धार्मिक पर्यटनलाई आर्थिक रूपान्तरणमा बदलेको छ। जनकपुरधाम पनि यदि राज्यको प्राथमिकतामा पर्न सक्यो, दीर्घकालीन गुरुयोजना बनाउन सकियो, संरचना र प्रचारको एकीकृत मोडेल अवलम्बन गर्न सकियो भने दक्षिण एशियाको प्रमुख धार्मिक पर्यटन केन्द्र बन्न सक्छ।

विवाहोत्सवको सांस्कृतिक विविधता विश्वभर प्रदर्शनयोग्य हो। जन्ती आगमन, मण्डपपूजन, पारम्परिक गीत-भजन, मिथिला परम्पराको स्वागत विधि यी दृश्य व्यवस्थित रूपमा प्रस्तुत गरिए हजारौँ विदेशी पर्यटक आकर्षित गर्न सकिन्छ। यस्ता सांस्कृतिक चित्रण 'रामायण-सर्किट' को केन्द्रीय शक्ति बन्न सक्छन्। तर अहिले त्यो सम्भावना व्यवस्थापनहीनताले कमजोर पारीदिएको छ। यसका लागि जनकपुरवासीको भूमिका पनि महत्त्वपूर्ण छ। उनीहरूले आफ्नो शहरलाई धार्मिक तथा पर्यटन राजधानीकै रूपमा बुझेर स्वच्छता, सौन्दर्यकरण, व्यवहार र समन्वयमा सक्रियता देखाउन सके यसको प्रत्यक्ष प्रभाव पर्यटनमा पर्छ। तर शहरको गतिविधि जानकी मन्दिर वरपर सीमित हुने, अन्य क्षेत्रहरू अँध्यारो देखिनु, व्यापारिक चहलपहल न्यून हुनु यी सबैले विवाहोत्सवको प्रभावलाई सीमित बनाइदिन्छ।

यहाँको विकासका योजना केवल कागजमै सीमित भएर हुँदैनन्। ऐतिहासिक मार्ग पुनर्जीवन, विवाहोत्सवको आधुनिक व्यवस्थापन, डिजिटल प्रचार, अन्तर्राष्ट्रिय सहकार्य, धार्मिक-सांस्कृतिक पर्यटन पूर्वाधार यी सबै कार्यक्रम व्यवहारमै लागू गर्न आवश्यक छ। विवाहोत्सवलाई विश्वका प्रमुख सांस्कृतिक उत्सवमध्ये उभ्याउन दीर्घकालीन नीति अपरिहार्य छ।

रामजानकी विवाहोत्सव नेपालका पहिचानहरूमध्ये एक अनमोल सांस्कृतिक धरोहर हो। यसले नेपाललाई विश्वसामु आध्यात्मिक राष्ट्रका रूपमा उजागर गर्न सक्छ। यसको शक्ति केवल धार्मिक आस्थामा होइन; सांस्कृतिक कूटनीति, पर्यटन अर्थतन्त्र र क्षेत्रीय सम्बन्ध विस्तारमा पनि छ। जनकपुरधाम आफ्नो इतिहास लिएर विश्वसामु चम्किन आतुर छ, तर त्यसका लागि राज्य, समाज र स्थानीय समुदायको साझा प्रतिबद्धता आवश्यक छ।

अन्ततः प्रश्न एउटै छ, इतिहासले दिएको यस्तो अनुपम अवसरलाई हामी कति मूल्य दिन सक्छौं ? विवाहोत्सवको दिव्य उज्यालोलाई पर्यटनको उज्यालोमा बदल्ने काम अब ढिलाइ गरेर हुँदैन। यदि आजैदेखि दूरदृष्टियुक्त निर्णय र लगानी भयो भने रामजानकी विवाहोत्सव केवल जनकपुरधामको उत्सव रहने छैन; यो विश्वभरका श्रद्धालु र पर्यटकका लागि नेपालको प्रमुख सांस्कृतिक पहिचान बन्न सक्छ।

अवसर हामीसँग छ। हामीले यसलाई पहिचान गर्छौं कि फेरि पनि परम्परागत बेवास्ताको अँध्यारोमै गुमाउँछौं ?

## तपाईको आज

मेष : दिन शुभ फलदायक छ। कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ। ऐश्वर्य प्राप्ति, सन्तोष होला।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न। त्यसपछि भने लाभ, सफलता होला।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला।

वृश्चिक : दिन शुभ फलदायक छ। स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ।

धनु : समय बलवान् छ। मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ।

मीन : तपाईंका लागि समय शुभ छ। परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |



# बच्चा जन्माउँदा तपाईंको आयु घट्छ?

केट बई

बच्चाहरूले कारणबिनै झगडा गर्न निहुँ खोजिरहेका बेला वा खाना खान नमानेका बेला वा सुत्न नमानिरहेका बेला आमाहरू सहजै भन्दिन्छन् - यी बच्चाहरूले मेरो आयु नै घटाइदिइसके होलान्।

त्यो सत्य नै हुन सक्ने नयाँ अनुसन्धानहरूले सङ्केत गरेका छन्।

प्रत्येक सन्तान जन्माउँदा केही आमाहरूको आयु ६ महिनासम्म कम भएको हुन सक्ने इतिहासका रेकर्डहरूको विश्लेषणले सुझाएको छ।

खासगरी असाध्यै कठिन परिस्थितिमा रहेका महिलाहरूमा त्यस्तो भएको हुन सक्छ।

विकासक्रमसम्बन्धी अनुसन्धानकर्ताहरूले सन् १८६६ देखि १८६८ को बीचको एक सामुदायिक रेकर्डमा आधारित भएर एक अनुसन्धान गरेका थिए।

अनुसन्धानकर्ताहरूले 'ग्रेट फिनिस फेमिन' अर्थात् फिनल्यान्डमा भएको चर्को भोकमरीको समयमा ४,६८४ महिलाहरू रहेको स्थानमा भएको जन्म र मृत्युको रेकर्डको अध्ययन गरेका थिए।

प्रमुख अनुसन्धानकर्ता तथा दनेदरल्यान्डस्स्थित युनिभर्सिटी अफ ग्रोनिङगेनका डाक्टर युअन योङले उक्त भोकमरी “पछिल्लो युरोपेली इतिहासको सबैभन्दा डरलाग्दोमध्ये एक“ भएको बताए।

त्यस्तो भोकमरीका बेला बच्चा जन्माएका महिलाहरूको प्रत्येक सन्तान जन्माउँदा आयु ६ महिनाले घटेको डाक्टर योङ र उनको टोलीमा रहेका प्रोफेसर हाना डजडेल, प्रोफेसर विर्पि लुमा र डा. एरिक पोस्टमाले पाए।



आमाहरूले आफ्नो ऊर्जाको ठूलो मात्रा आफ्ना कोशिकाहरू मर्मत गर्नमा भन्दा नयाँ बच्चा जन्माउनमा प्रयोग गरेका कारण जीवनको जीवनको उत्तरार्द्धमा रोगको जोखिम बढ्ने स्थितिमा ती आमाहरूलाई पारिदिएको अध्ययनले सुझाएको छ।

तर भोकमरीको अगाडि वा पछाडि आमा बन्नेहरूमा भने उनीहरूको आयु र बच्चा जन्माउनुबीच कुनै सम्बन्ध थिएन।

“अनिकाल परेका बेला प्रजनन अवस्थामा रहेका महिलाहरूमा मात्र हामीले यो असर देख्यौँ,“ डाक्टर योङले भने।

यसले महिलाहरू सन्तान जन्माउने समयमा रहेको वातावरणले उनीहरूको आयुमा प्रभाव पार्छ भन्ने सङ्केत गरेको छ।

*बच्चा जन्माउँदा त्यसले आयुलाई कसरी असर गर्छ?*

त्यसो भए किन यस्तो भयो?

एउटा सम्भावित व्याख्या: बच्चा जन्माउँदा हुने दीर्घकालीन स्वास्थ्य असरहरू कठोर वातावरणीय परिस्थितिले अझ खराब बनाउन सक्ने हुन सक्छ।

लामो समयदेखि थाहा हुँदै आएको छ: बच्चा जन्माउने क्रममा तौल बढ्नु र शारीरिक तनाव बढ्नु जस्ता कारणले आमाहरूलाई मुटुसम्बन्धी र मेटाबोलिक रोगहरूको जोखिम बढी हुन्छ।

“एउटा सम्भावित व्याख्या: यो अवधिमा बच्चाहरूलाई हुर्काउने, स्तनपान गराउने र गर्भधारण गर्ने कार्यले गर्दा आमाको शरीरमा विभिन्न कुरा कमी हुन जान्छ,“ डाक्टर योङ थप्छन्।

गर्भधारण र स्तनपानका लागि धेरै ऊर्जा चाहिन्छ जसको अर्थ अनिकालका बेला नयाँ आमा बन्नेहरूमा भविष्यमा रोग नलागोस् भनेर जोगाउन गर्नु पर्ने शारीरिक क्रियाकलापहरूका लागि कम ऊर्जा उपलब्ध हुन्छ।

“यस्ता जनसङ्ख्याभित्र धेरै बच्चा जन्माउने आमाहरूले सन्तानहरूको वर्षान्तर कम हुँदा आमाहरू पुन: बलियो हुन आवश्यक पर्ने समय पाएका हुँदैनन् त्यसले स्वास्थ्यमा पर्ने असरलाई जटिल बनाइदिन्छ,“ डाक्टर योङले व्याख्या गरे।

तर, अध्ययनले प्रयोगशालामा उत्पादन गरिएका नयाँ तथ्याङ्क नभै ऐतिहासिक तथ्याङ्कमा आधारित भएकाले निष्कर्ष निश्चितरूपमा यही हो भन्न नसकिने उनले बताए।

सन्तान र आयु बीचको “सन्तुलन“

धेरै सन्तान भएका महिलाहरूमा यो नतिजा अझ प्रस्ट देखिएको डा. योङको अध्ययनले सङ्केत गरेको छ। तर सबै महिलाहरू त्यसबाट समान रूपमा प्रभावित नभएको पनि उनको अध्ययनले देखाएको छ।

“यो खासमा ठूला परिवारको आकार... र यस प्रकारका अनिकालका घटनाहरू: दुईवटा अवधारणाहरू हुन्,“ उनले व्याख्या गरे।

दशकौँदेखि वैज्ञानिकहरू छोटो जीवन बाँच्ने र धेरै सन्तान जन्माउने प्रजातिहरू (जस्तै मुसा र कीराहरू) र लामो जीवन बाँच्ने तथा कम सन्तान जन्माउने प्रजातिहरू (जस्तै हात्ती, ह्वेल र मानिसहरू) बीचको भिन्नता देखेर आश्चर्यमा पर्दै आएका छन्।

एउटा अग्रणी सिद्धान्त अनुसार - प्रजननका लागि कोशिका मर्मत गर्नु पर्ने हुन्छ र त्यसो गर्दा बुढ्यौली प्रक्रियामा बढोत्तरी हुन्छ।

आधुनिक महिला पनि त्यसै गरी प्रभावित छन्?

एक उत्तर अफ्रिकी आमा आफ्नो सन्तानसँग

तस्बिरको क्याप्शन, सन् २०२३ मा सुडानमा बस्ने महिलाका औसतमा ४.३ सन्तान हुने गर्थे - त्यसकै पछिल्लो वर्ष देशका केही भागमा अनिकालको अवस्था घोषणा गरिएको थियो

तर के २०० वर्ष अगाडिका महिलाहरूमाथि गरिएको अध्ययन अहिले २१ औँ शताब्दीका महिलाहरूमा सान्दर्भिक हुन्छ?

“यसलाई त्यो ऐतिहासिक कालखण्डको सन्दर्भमा बुझ्नु पर्छ जति बेला आधुनिक स्वास्थ्य सेवा प्रणालीहरू त्यति बलिया थिएनन्,“ डाक्टर योङले भने।

“त्यो अवधिमा महिलाका सरदर चार वा पाँच सन्तान हुन्थे जुन अहिलेको समयमा भन्दा धेरै ठूलो परिवारको आकार हो।“

सन् १८०० यता विश्वभरि नै परिवारमा हुने बच्चाको सङ्ख्यामा नाटकीय रूपमा कमी आएको छ।

सन् २०२३ मा महिलाका औसतमा दुईजनाभन्दा केही बढी सन्तान जन्माएका थिए - यो परिवर्तन शिक्षा, कार्यस्थल र गर्भनिरोधकहरूको बढ्दो पहुँचका साथै बाल मृत्युदर घट्नुका कारण भएको हो।

यद्यपि निजेर, चाड, सोमालिया र साउथ सुडान जस्ता देशहरूमा महिलाले अहिले पनि कम्तीमा चारवटा बच्चा जन्माउँछन्।

र, गत वर्ष संयुक्त राष्ट्र समर्थित खाद्य असुरक्षा पहल निकाय इन्टिग्रेटेड फूड सेक्युरिटी फेज क्लासिफिकेसनद्वारा सुडान र गाजा दुवै क्षेत्रमा अनिकाल घोषणा गरिएको छ।

डाक्टर योङले थप काम आवश्यक छ भनिरहँदा यसले के सङ्केत गर्छ भने ती अध्ययनका निष्कर्षहरू हाल विश्वका केही भागहरूमा लागु भइरहेको हुन सक्छ। बीबीसी/नेपाली

# जनकपुरधाममा महिलाको न्याय पहुँच अभिवृद्धिसम्बन्धी विशेष बैठक सम्पन्न

दैनिक समाचारदाता

जनकपुरधाम, ७ मंसिर । जनकपुर उपमहानगरपालिकामा महिलाको न्यायमा पहुँच अभिवृद्धि, नेतृत्व विकासको उद्देश्यले संचालित “Pathways to Gender–responsive Justice“ परियोजनाअन्तर्गत न्यायिक समितिको विशेष बैठक सम्पन्न भएको छ ।

लैङ्गिक हिंसा निवारण कोषको प्रभावकारी सञ्चालन तथा समुदायमा महिला सशक्तिकरणका कार्यक्रमलाई गति दिने विषयमा बैठकले महत्वपूर्ण बहस गरेको छ । किशोरी साह, समितिका सदस्य राकेशविक्रम साह र नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य राजेश कुमार कर्ण सहितका व्यक्तिहरूको सहभागिता रहेको थियो।

सो बैठकमा पालिकाले पारित गरेको कोषको कार्यविधि लागू भएपछि वास्तविक लाभान्वितहरूको संख्या, पहुँच र प्रक्रियाबारे स्पष्ट विवरण संकलन गर्नुपर्ने आवश्यकता माथि जोड दिइयो। पालिका कहिले तालिम सञ्चालन गर्छ, मेलमिलापकर्तालाई के-कस्ता अतिरिक्त सुविधा दिन सकिन्छ



जानकी महिला जागरण समाजको आयोजनामा बसेको सो बैठकमा स्थानीय सरकार, परियोजनाका प्रतिनिधि तथा न्यायिक संरचनामा संलग्न सरोकारवालाबीच महिलाको न्यायमा पहुँच अभिवृद्धिमा कोषको भूमिकाबारे विस्तृत छलफल भयो।

कानूनी सहयोग तथा परामर्श केन्द्रले EU / UN को संयुक्त कार्यक्रम सशक्त महिला, समृद्ध नेपाल अन्तर्गत UN women को आर्थिक सहयोगमा “Pathways to Gender–responsive JusticeM Strengthening Capacities of Duty Bearers and Right Holders” परियोजना जुलाई २०२४ देखि मधेश, कर्णाली, र सुदुरपश्चिम प्रदेशका १६ वटा जिल्लाका ३२ वटा पालिकामा कार्यान्वयन गर्दै आईरेको छ । सोही परियोजना अन्तर्गत जानकी महिला समाजले सो बैठकको आयोजना गरेको थियो । बैठकमा जनकपुरधाम उपमहानगरपालिकाका उपप्रमुख तथा न्यायिक समितिका संयोजक भन्ने विषयमा स्पष्ट कार्ययोजना बनाउने कुरामाथि पनि महत्त्वपूर्ण छलफल भयो।

महिला समूहहरूसँग मिलेर समुदायमा कार्यक्रम संचालन गर्ने योजनाको बजेट, समयसीमा तथा प्राथमिकताबारे न्यायिक समितिका संयोजक साहले छिट्टै निर्णय गर्ने प्रतिबद्धता जनायो। पीडितलाई कानूनी सल्लाहकार वा अन्य सेवा प्रदायक संस्थामा रेफर गरिएको संख्या र त्यसले पीडितलाई परेका सहयोगबारे विस्तृत अभिलेख राख्नुपर्नेमा कुरामा जोड दिइयो।

साथै बैठकलाई आवश्यकता अनुसार निरन्तरता दिई कोषको सञ्चालन गरेर महिलाहरूको न्यायमा पहुँच अभिवृद्धि गर्ने र महिलाहरूलाई समान अवसर प्रदान गर्नतर्फ अग्रसर गराउने सहमति भयो।

सहभागीहरूले धयभल-ाचष्भलमथि न्यायिक संरचना निर्माण गर्नका लागि परियोजना, स्थानीय तह र महिला समूहबीच सहकार्यलाई अझ सुदृढ गर्नुपर्नेमा एकमत जनाए।



# विदेशमा रहेका नेपालीलाई मताधिकार दिन सकिने अध्ययनको निष्कर्ष

दैनिक समाचारदाता
काठमाडौं ७ मंसिर । विदेशमा रहेका नेपालीहरूसहित नेपालमा निर्वाचन क्षेत्रभन्दा बाहिर रहेका नेपाली नागरिकहरूका लागि मतदानको अवसर सुनिश्चित गर्न सकिने अध्ययनले देखाएको छ ।

नीति अनुसन्धान प्रतिष्ठानले मतदान कसरी गराउन सकिन्छ भनेर उपायहरू सहितको अध्ययन सकाएको छ । सुझावका लागि तयार उपाय कार्यान्वयनमा लैजान र विदेशमा रहेका नेपालीलाई मताधिकार दिन राजनीतिक दलहरू तयार हुनुपर्ने सुझाइएको छ ।

'अनलाइन मतदान (आईभोटिङ) को अभ्यास गरेका देशहरूले आफैंले त्यस्तो प्रणाली विकास गर्ने वा अनुभवी र स्थापित कम्पनीहरूबाट प्रणाली खरिद गर्ने दुवै तरिका अपनाएको पाइन्छ । यस सन्दर्भमा नेपाल पनि यस प्रक्रियामा जाने हो भने प्रविधि सिकाइका लागि सुरुमा स्थापित र अनुभवी कम्पनीहरू मार्फत अनलाइन



भोटिङ कार्यान्वयनमा लैजाने र बससँगै आफ्नो प्रविधि निर्माणमा पनि काम गराउँदै जाने पद्धति अपनाएर अनलाइन भोटिङको प्रयोग गर्न सकिने देखिन्छ,' अध्ययनको निष्कर्ष छ ।

प्रतिष्ठानले आइतबार सरोकारवालाहरूसँग यो सुझावबारे छलफल समेत गरेको छ । सरोकारवालाहरूलाई वितरण गरिएको विवरणमा भनिएको छ,' यो दीर्घकालीन रूपमा सर्वसुलभ, मितव्ययी/किफायती, पहुँचयोग्य, चुस्त, पारदर्शी, सहभागितामूलक, सुरक्षित र प्रभावकारी हुने देखिन्छ ।'

सुझाव खण्ड कार्यनयनमा राजनीतिक दलहरू तयार हुनुपर्ने उल्लेख छ ।

'विना विभेद् सबै नागरिकहरूलाई मताधिकार दिन नेपालको संविधानले बाटो खुला गरेको तथा यसको कार्यान्वयनका लागि सर्वोच्च अदालतको निर्देशनात्मक आदेश समेत आएको हुँदाहुँदै पनि नेपालमा वाह्य मतदान कार्यान्वयनमा लैजान नसक्नु राजनैतिक प्रतिबद्धताको कमी हो भन्ने निश्चित भएकोले यसको कार्यान्वयनमा सरकार र राजनैतिक पार्टीहरूबीच सहकार्यसहितको प्रतिबद्धता प्रकट गर्दै यस पटकको निर्वाचनबाट आवश्यकतानुसार बहुविधिको उपयोगबाट गर्नुपर्ने देखिन्छ' अध्ययनले भनेको छ ।

जब चुनावमा उम्मेदवारहरूबीचमा कडा प्रतिष्पर्धा हुने अवस्था हुन्छ, शक्ति प्रयोगको अभ्यास र विभिन्न प्रलोभनको तयारी हुने गरेको विगतको अनुभवले समेत प्रविधिको प्रयोग खोजेको प्रतिष्ठानको राय छ ।

'त्यसैले, यस्ता सबैखाले अनुचित गतिविधिलाई नियन्त्रण गरी स्वच्छ, निष्पक्ष, स्वतन्त्र र पारदर्शी निर्वाचन गर्न गराउन निर्वाचन प्रक्रियामा सूचना प्रविधिको प्रयोग र वहुदिवसीय चुनावको सञ्चालन उपयुक्त विधि भएता पनि यसमा व्यवस्थापकीय चुनौती भने धेरै नै हुन्छ,' सुझाव खण्डमा उल्लेख छ ।

वाह्य मतदानको सन्दर्भमा प्रविधिको सहयोगमा हुलाकबाट गरिने मतदान सबैभन्दा उपयुक्त तरिका भएता पनि नेपालको हुलाक सेवाको कुशलता, प्रभावकारिता र सुरक्षाको अवस्थाका सन्दर्भमा समयमा गुणस्तरीय सेवा प्रदान गर्न सहज नदेखिने राय छ ।

# रौतहटमा हतियारसहित एक जना पक्राउ



दैनिक समाचारदाता
रौतहट, ७ मंसिर । रौतहटको चन्द्रनिगाहपुरबाट सशस्त्र प्रहरीले शनिबार पेस्तोल तथा म्यागजिनसहित एक जनालाई पक्राउ गरेको छ ।

सशस्त्र प्रहरी बल इन्टेलिजेन्स ब्युरोको विशेष सूचनाको आधारमा सशस्त्र प्रहरी बल नेपाल सुरक्षा बेश सन्तपुरका सशस्त्र प्रहरी नायब उपरीक्षक राजेन्द्र बहादुर बस्नेतको नेतृत्वको टोलीले रौतहटको चन्द्रपुर नगरपालिका - ४ देउराली चोकबाट पेस्तोल, म्यागजिन तथा राउण्डसहित एक जनालाई पक्राउ गरेको इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरका प्रहरी नायब उपरीक्षक रुपा लाबुंगले जानकारी दिनुभयो ।

पक्राउ पर्नेमा मकवानपुरको हेटौंडा उपमहानगरपालिका -१३ पदमपोखरी बस्ने २२ वर्षीय सुमन आचार्य रहेको उहाँले बताउनुभयो ।पक्राउ परेका आचार्यको साथबाट मेड इन इटाली लेखिएको द्यभचभतब पेस्तोल एक थान, त्यसमा लाग्ने म्याग्जिन एक थान, सिएफ -९८-९ पेस्तोल एक थान, सोही पेस्तोलको म्याग्जिन एक थान, राउण्ड १३ थान (पिन्धिमा ३११ २३ उल्लेखित), खुकुरी १ थान, ओपो मोबाइल एक थान बरामद गरिएको इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरले जनाएको छ । सशस्त्र प्रहरीले पक्राउ गरेका आचार्य र उनका साथबाट बरामद हातहतियार इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरलाई बुझाएपछि घटनाको आवश्यक अनुसन्धान सुरु गरिएको प्रहरी नायब उपरीक्षक लाबुंगले जानकारी दिनुभयो ।

# आठजना भारतीय पक्राउ

दैनिक समाचारदाता
काठमाडौं, ७ मंसिर । नेपाल प्रिमियर लिग (एनपीएल) मा सट्टेबाजी गर्ने काममा संलग्न ८ जना भारतीय पक्राउ परेका छन् । काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले बल्खुबाट ८ जना भारतीयलाई पक्राउ गरेर थप अनुसन्धान अघि बढाएको हो । उनीहरूले अनलाइन बेटिङ साइटमार्फत खेल हारजित हुनेगरी रकम लगानी गरी सट्टेबाजीमा संलग्न रहेको पाइएपछि पक्राउ गरिएको प्रहरीले जनाएको छ ।
पक्राउ पर्नेहरूमा भारतको आन्दा प्रदेशस्थित प्रकासम जिल्लाका ३१ वर्षीय राजा यदुला, ३५ वर्षीय महेश बाबु, ३० वर्षीय पण्डित श्रीनिवासुलु, २० वर्षीय सेख सोयब, ३० वर्षीय नभिन मड्डेला, ३२ वर्षीय महमद रफी सेख, १९ वर्षीय साई कुमार तम्मिसेट्टी र २८ वर्षीय सेख चन्द बसल रहेका छन् । उनीहरूको साथबाट १५ थान मोबालाइ बरामद गरी त्यसबाट प्रविधियुक्त अनुसन्धान गरिएको पनि प्रहरीले जनाइको छ ।
थप अनुसन्धानका लागि उनीहरूलाई जिल्ला प्रहरी परिसर भद्रकाली, काठमाडौं पठाइएको छ ।

# सिडिओ कार्यालय अगाडिको अव्यवस्थित पार्किङ हटाइयो

दैनिक समाचारदाता
सर्लाही, ७ मंसिर । सदरमुकाम मलङ्गवास्थित जिल्ला प्रशासन कार्यालय सर्लाही अगाडिको सडकमा रहेको अव्यवस्थित पार्किङ हटाइएको छ । मलङ्गवा नगरपालिका १० नं. वडा कार्यालयले सिडिओ कार्यालय अगाडिको सडकमा अवस्थित मोटरसाइकल पार्किङ हटाएको हो । सडकमा यत्रतत्र मोटर साइकल राख्दा जिल्ला प्रशासन कार्यालयसम्म पुग्न सेवाग्राही, कर्मचारी तथा अन्यलाई असाध्य असहज हुँदै आएको थियो ।

चार पाङ्ग्रे सवारी साधन आउजाउ गर्न पनि मुस्किल र हेको थियो । नवआगन्तुक प्रमुख जिल्ला अधिकारी रामुराज कडरियाले अव्यवस्थित पार्किङ हटाउन पहल गर्नुभएको थियो ।

सडकबाट हटाइएको पार्किङ छेउमै जिल्ला समन्वय समितिको तिनबिघे चौरमा सारिएको हो । मलङ्गवा नगरपालिका १० नं. वडा कार्यालयले अहिले प्रतिमोटरसाइकल २० रुपियाँ शुल्क लिएर पार्किङको व्यवस्था मिलाएको छ ।

वडा कार्यालयले पार्किङको पैसा उठाएको भन्दै विरोधसमेत भइरहेको छ । वडा कार्यालयले दुई जना कर्मचारीलाई खटाउनु परेकाले न्यूनतम पार्किङ शुल्क



उठाइएको जनाएको छ ।

मलङ्गवा नगरपालिका-१०, का वडाध्यक्ष मुकेशकुमार झाले मानिसको असाध्य भिडभाड हुने सिडिओ कार्यालय अगाडिको अव्यस्थित पार्किङलाई क्रमिक रुपमा व्यवस्थित बनाउँदै लाने योजना रहेको बताउनुभयो । उहाँका अनुसार पार्किङलाई व्यवस्थित बनाउन कसैलाई टेण्डरमार्फत जिम्मेवारी दिएर जिविसको तीनबिघे मैदानमा दुर्गा मन्दिर, हेलिप्याड, क्रिकेट खेल मैदानलगायतको संरचना बनाउने योजनासमेत रहेको छ ।

जिल्ला प्रशासन कार्यालय अगाडि साँघुरो सडक र त्यसैमाथि जथाभावी पार्किङ गरिँदा आउजाउमै समस्या भइरहेको भन्दै बारम्बार गुनासो उठ्दै आएको थियो । प्रमुख जिल्ला अधिकारी कडरियाले सकडबाट पार्किङ हटाएपछि अहिले अवस्था फेरिएको र कार्यालयमा आउने सेवाग्राही, बटुवा र सवारी चालकलाई सहज हुन थालिसकेको बताउनुभयो ।

# प्रगतिशील लोकतान्त्रिक पार्टी घोषणा, चुनाव चिन्ह आँखा

दैनिक समाचारदाता
काठमाडौं ७ मंसिर । प्रगतिशील लोकतान्त्रिक पार्टी घोषणा गरिएको छ । आइतबार काठमाडौंमा आयोजित कार्यक्रममा नेसपा (नयाँ शक्ति), प्रगतिशील राष्ट्रिय अभियान, रास्वपा परित्याग गरेका सन्तोष परियारबीच एकताका साथ प्रगतिशील लोकतान्त्रिक पार्टी घोषणा गरिएको हो ।
डा.बाबुराम भट्टराई, जनार्दन शर्मा, सुदन किराती, सन्तोष परियार लगायतका नेताहरूले पार्टीको झण्डा फहराएर प्रगतिशील लोकतान्त्रिक पार्टी गठनको घोषणा गरेका हुन् । पार्टीको चुनाव चिन्ह आँखा रहेको छ भने प्रगतिशील समाजवाद मार्गदर्शक मूल सिद्धान्त रहेको नेताहरूले जनाएका छन् ।
पार्टीमा ७ सदस्यीय अध्यक्ष मण्डल रहने र १५१ जना केन्द्रीय सदस्य रहने बताइएको छ ।

# महेश बस्नेत सवार गाडीमा मसी छ्याप्ने कांग्रेस निकट विद्यार्थी

दैनिक समाचारदाता
विराटनगरं ७ मंसिर । मोरङको विराटनगरमा महेश बस्नेत सवार गाडीमा रातो मसी छ्याप्ने नेपाली कांग्रेस निकट नेपाल विद्यार्थी संघ (नेविसंघ)मा आवद्ध विद्यार्थी रहेको खुलेको छ ।
आज बिहान प्रहरी भ्यान पछिपछि गुडिरहेको महेश बस्नेत सवार कारमा युवाहरु सडक किनारबाट दगुर्दै गएर रातो मसी फ्याँकेका थिए ।
महेश बस्नेत युवा संघको कोशी प्रदेशस्तरीय भेलामा सहभागी हुन सुनसरी जाने क्रममा एयरपोर्ट लाइनको सडकमा रातो मसी फ्याँकिएको हो ।
लगत्तै बस्नेत सवार गाडी रोकिएको थियो । प्रहरीले दुई जना युवकलाई नियन्त्रणमा लिएको छ । पक्राउ पर्नेमा विराटनगर-२ का १९ वर्षीय अर्पित कुँवर र विराटनगर-१ का २५ वर्षीय सन्जोग गौतम रहेको प्रहरीले जनाएको छ । उनीहरुलाई प्रहरीले जिल्ला प्रहरी कार्यालय मोरङमा राखेको छ । पक्राउ परेका गौतम नेपाल विद्यार्थी संघ मोरङका जिल्ला सदस्य हुन् । उनी संस्थापनइतर समूहका हुन् ।
गौतमलाई डाक्टर शेखर कोइराला समूहले महेन्द्र मोरङ क्याम्पस नेपाल विद्यार्थी संघ इकाइ सभापति पनि बनाएको थियो । नेविसघ महेन्द्र मोरङमा संस्थापन समूहको सभापति भने प्रशान्त यादव छन् ।
अर्पित कुँवर पनि नेविसंघ निकट नै रहेको प्रहरी स्रोतले बताएको छ ।
यता नेता बस्नेतले भने कार्यक्रममा जान अवरोध पुऱ्याउन खोजिएको भन्दै यसलाई 'लोकतन्त्रमाथिको उपहास' भनेका छन् ।
बस्नेत सुनसरीको इटहरीमा आएपछि जेनजीहरुले सुनसरीको दुहबीमा पनि प्रदर्शन गरेका छन् ।




'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४